केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/१२/०८२/८३

मिति : २०८२/१२/०३

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**भवदीय,**

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr>
<td>१.</td>
<td>इ.प्रा. निर्देशन नं. १७/०८२ को बुँदा नं. १५ मा संशोधन ।</td>
<td>
तोकिएका क्षेत्रमा कर्जा प्रवाह सम्बन्धी व्यवस्था<br>
(१) न्यूनतम कर्जा प्रवाह :<br>
यस बैङ्कबाट इजाजतपत्रप्राप्त वाणिज्य बैंकले कुल कर्जा सापटको देहाय बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नु पर्ने छ :<br>
(क) २०८५ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><th>२०८२ असार मसान्त</th><th>२०८३ असार मसान्त</th><th>२०८४ असार मसान्त</th><th>२०८५ असार मसान्त</th></tr>
<tr><td>११ प्रतिशत</td><td>१२ प्रतिशत</td><td>१३ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr>
</table>
(ख) २०८४ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १० प्रतिशत कर्जा उर्जा क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><th>२०८१ असार मसान्त</th><th>२०८२ असार मसान्त</th><th>२०८३ असार मसान्त</th><th>२०८४ असार मसान्त</th></tr>
<tr><td>६.५ प्रतिशत</td><td>७ प्रतिशत</td><td>८ प्रतिशत</td><td>१० प्रतिशत</td></tr>
</table>
(ग) २०८५ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><th>२०८२ असार मसान्त</th><th>२०८३ असार मसान्त</th><th>२०८४ असार मसान्त</th><th>२०८५ असार मसान्त</th></tr>
<tr><td>११ प्रतिशत</td><td>१२ प्रतिशत</td><td>१३ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr>
</table>
</td>
<td>
तोकिएका क्षेत्रमा कर्जा प्रवाह सम्बन्धी व्यवस्था<br>
(१) न्यूनतम कर्जा प्रवाह :<br>
यस बैङ्कबाट इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकले कुल कर्जा सापटको देहाय बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नु पर्ने छ :<br>
(क) २०८३ पुस मसान्तदेखि न्यूनतम १० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।<br>
(ख) २०८३ पुस मसान्तदेखि कुल कर्जा सापटको न्यूनतम २० प्रतिशत देहाय बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने छ :<br>
(अ) पर्यटन क्षेत्र<br>
(आ) लघु, घरेलु, साना तथा मझौला उद्यम/व्यवसाय क्षेत्र (रु. ३ करोडसम्मका कर्जा तथा उत्पादनमूलक उद्योगको हकमा रु.५ करोडसम्मको कर्जा )<br>
(इ) उर्जा क्षेत्र<br>
(ई) सूचना प्रविधि तथा सञ्चार प्रविधिमा आधारित उद्योग<br>
(उ) स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात उद्योग<br>
(ग) कृषि क्षेत्रमा तोकिएको न्यूनतम १० प्रतिशत भन्दा बढी कर्जा प्रवाह गरेका “क” वर्गका वाणिज्य बैङ्कले खण्ड (ख) बमोजिम तोकिएको प्रतिशत नपुग भएमा कृषि क्षेत्रमा तोकिएको न्यूनतम प्रतिशतभन्दा बढी भएको कर्जा खण्ड (क) र (ख) मा तोकिएको कुल प्रतिशतमा गणना गर्न सक्नेछन् ।
</td>
</tr>
</table>

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।

<table>
<tr>
<td></td>
<td></td>
<td>
यस प्रयोजनका लागि देहायबमोजिम प्रवाह भएको कर्जालाई लघु, घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा गणना गर्न सकिनेछ ।<br>
(अ) रु. २ करोडसम्मका कर्जा तथा प्रत्यक्ष रुपमा प्रवाह भएका विपन्न वर्ग कर्जा,<br>
(आ) हुलाकी राजमार्ग तथा मध्य-पहाडी लोकमार्ग आसपासका क्षेत्रमा सञ्चालनमा रहेका उत्पादमूलक उद्योग र “खाद्य स्वच्छताको आधारमा होटेल रेष्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४” बमोजिम खाद्य स्वच्छता स्तरीकरण सम्बन्धी Green Sticker लिएका होटल तथा रेष्टुरेन्टहरुलाई प्रवाह भएको रु.३ करोडसम्मको कर्जा ।<br>
(इ) बैङ्क तथा वित्तीय संस्थाले यस्तो कर्जा प्रवाह गर्दा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना तथा सञ्चालनमा विशेष प्राथमिकताप्राप्त ता दिनु पर्नेछ ।<br>
(घ) कृषि क्षेत्रमा तोकिएको न्यूनतम प्रतिशत कर्जा प्रवाह गरेका वाणिज्य बैङ्कले तोकिएको अन्य क्षेत्रमा तोकिएको प्रतिशत बमोजिम कर्जा लगानी गर्न नसकेमा नपुग प्रतिशत रकम तोकिएका क्षेत्रअन्तर्गतका क्षेत्र मध्ये आफ्नो विशेषज्ञता भएको क्षेत्रमा थप लगानी गरी खण्ड (क), (ख) र ( ग) मा तोकिएको कुल प्रतिशतमा गणना गर्न सक्नेछन् ।<br>
(ङ) कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, उर्जा र पर्यटन क्षेत्रमा २०८५ असार मसान्तसम्ममा देहायबमोजिम “ख” वर्गका वित्तीय संस्थाले कुल कर्जा तथा सापटको न्यूनतम २० प्रतिशत र “ग” वर्गका वित्तीय संस्थाले न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ ।
<table>
<tr><th></th><th>“ख” वर्ग</th><th>“ग” वर्ग</th></tr>
<tr><td>२०८२ असार मसान्त</td><td>१६ प्रतिशत</td><td>११ प्रतिशत</td></tr>
</table>
</td>
<td>
(घ) २०८३ पुस मसान्तदेखि यस बैङ्कबाट इजाजतपत्रप्राप्त “ख” वर्गका वित्तीय संस्थाले कुल कर्जा तथा सापटको न्यूनतम २० प्रतिशत र “ग” वर्गका वित्तीय संस्थाले न्यूनतम १५ प्रतिशत देहाय बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने छ :<br>
(अ) कृषि क्षेत्र<br>
(आ) पर्यटन क्षेत्र<br>
(इ) लघु, घरेलु साना तथा मझौला उद्यम/व्यवसाय क्षेत्र (रु. ३ करोडसम्मका कर्जा तथा उत्पादनमूलक उद्योगको हकमा रु.५ करोडसम्मको कर्जा )<br>
(ई) उर्जा क्षेत्र<br>
(उ) सूचना प्रविधि तथा सञ्चार प्रविधिमा आधारित उद्योग<br>
(ऊ) स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात उद्योग<br>
(२) उपबुँदा (१) अनुसार तोकिएका क्षेत्रमा प्रवाह भएको कर्जा सम्बन्धी व्यवस्थाको न्यूनतम सीमाको अनुपालना यकिन गर्ने प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाले बक्यौता कर्जा (Outstanding Loan) लाई प्रवाहित कर्जाको रुपमा गणना गर्नु पर्नेछ ।<br>
(३) तोकिएको क्षेत्रमा कर्जा लगानी अनुपात पूरा गर्नका लागि कम कर्जा प्रवाह गर्ने बैङ्क वित्तीय संस्था र बढी कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थाहरुले आपसी सहमतिमा शूल्क दिई/लिई यस निर्देशन बमोजिम तोकिएको क्षेत्रको कर्जाको Reporting प्रयोजनको लागि मात्र कुनै पनि शीर्षकमा देहायबमोजिम कर्जा खरिद तथा बिक्री गर्न सक्नेछन् ।
</td>
</tr>
</table>

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।**

| | | |
|---|---|---|
| **२०८३ असार मसान्त** | १७ प्रतिशत | १२ प्रतिशत |
| **२०८४ असार मसान्त** | १८ प्रतिशत | १३ प्रतिशत |
| **२०८५ असार मसान्त** | २० प्रतिशत | १५ प्रतिशत |

(२) उपबुँदा (१) अनुसार तोकिएका क्षेत्रमा प्रवाह भएको कर्जा सम्बन्धी व्यवस्थाको न्यूनतम सीमाको अनुपालना यकिन गर्ने प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाले बक्यौता कर्जा (Outstanding Loan) लाई प्रवाहित कर्जाको रुपमा गणना गर्नु पर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाहरुले कृषि तथा उर्जा क्षेत्रमा प्रवाहित कर्जालाई अर्को वित्तीय संस्था मार्फत व्यवस्थापन गर्न एक आपसमा खरिद/बिक्री गर्न सक्नेछन् । सुरुवातमा कर्जा प्रवाह गर्ने संस्थाले नै ग्राहकसँगको सम्बन्ध व्यवस्थापन (Relationship Management) गर्ने गरी गरिएको खरिद/बिक्रीमा ग्राहकको सहमति आवश्यक पर्ने छैन ।

यसरी Repurchase Arrangement अनुसार कर्जा खरिद बिक्री गर्दा सो कर्जा बराबरको रकम अनिवार्य रुपमा लेनदेन गरी खरिदकर्ता बैंक तथा वित्तीय संस्थाको हिसाबमा अभिलेख जनाउनुपर्नेछ । उक्त खरिद गरिएको कर्जा खरिद गर्ने बैंक तथा वित्तीय संस्थाले मात्र तोकिएको क्षेत्रमा प्रवाहित कर्जाको रुपमा गणना गर्न पाउनेछ ।

(४) कृषि ऋणपत्रमा लगानी गरेको रकमलाई कृषि क्षेत्रमा अनिवार्य रुपमा प्रवाह गर्नुपर्ने कर्जामा गणना गर्न पाइने छ ।

**क) खरिद गरिएको कर्जालाई यस निर्देशन बमोजिम तोकिएको क्षेत्रको कर्जाको Reporting गर्ने प्रयोजनका लागि मात्र खरिद गरी लिने बैङ्क वा वित्तीय संस्थाले थप गरेर तथा बिक्री गर्ने बैङ्क वा वित्तीय संस्थाले घटाएर देखाउनुपर्नेछ ।**

**ख) यस्तो Reporting Right खरिद गर्ने संस्थाले कुल तोकिएको प्रतिशतको एक तिहाई रकमसम्म मात्र खरिद गर्न पाउनेछन् ।**

**ग) यसरी गरिने खरिद बिक्रीको अधिकतम अवधि ६ महिना वा खरिद गरेको आर्थिक वर्षको असार मसान्तसम्म मात्र हुनेछ ।**

**घ) यस किसिमको कर्जाको Reporting Right को बिक्री/खरीदमा कर्जा जोखिम तथा प्रतिफल र कर्जाको नियन्त्रण एवमं वित्तीय र अन्य विवरणमा लेखांकन कर्जा बिक्री गर्ने संस्थामा नै निहित हुनेछ ।**

**ङ) बिक्री गरिसकेको कर्जाको Reporting Right सोही Reporting Right को अवधिभित्र खरिद गर्ने वा बिक्री गर्ने संस्थाले पुनः अन्य बैंक तथा वित्तीय संस्थालाई बिक्री गर्न पाइने छैन ।**

**(४) कृषि ऋणपत्र तथा उर्जा ऋणपत्रमा लगानी गरेको रकमलाई तोकिएको क्षेत्रको कर्जामा गणना गर्न पाइने छ ।**

**(५) कृषि क्षेत्रसँग सम्बन्धित पब्लिक लिमिटेड कम्पनीहरुले तथा उर्जा क्षेत्रसँग सम्बन्धित सार्वजनिक संस्थान र पब्लिक लिमिटेड कम्पनीहरुले जारी गरेको बन्ड लगायतका ऋणपत्रमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानीलाई तोकिएको क्षेत्रको कर्जामा गणना गर्न पाइने छ ।**

(६) अनुगमन तथा हर्जाना :

(क) यस व्यवस्था अनुसार तोकिएको अवधिभित्र कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा न्यूनतम रुपमा पुऱ्याउनु पर्ने रकममा हुन आउने नपुग

| | | | |
|---|---|---|---|
| | | (५) कृषि क्षेत्रसँग सम्बन्धित पब्लिक लिमिटेड कम्पनीहरुले जारी गरेको ऋणपत्रमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानीलाई कृषि क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाइने छ ।<br>(६) उर्जा ऋणपत्रमा लगानी गरेको रकमलाई उर्जा क्षेत्रमा अनिवार्य रुपमा प्रवाह गर्नुपर्ने कर्जामा गणना गर्न पाइने छ ।<br>(७) उर्जा क्षेत्रसँग सम्बन्धित सार्वजनिक संस्थान र पब्लिक लिमिटेड कम्पनीहरुले जारी गरेका ऊर्जा बन्ड लगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरेको लगानीलाई ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाइने छ ।<br>(८) अनुगमन तथा हर्जाना :<br>(क) यस व्यवस्था अनुसार तोकिएको अवधिभित्र कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा न्यूनतम रुपमा पुऱ्याउनु पर्ने रकममा हुन आउने नपुग रकममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सो गणना अवधिमा कर्जामा लिने अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइनेछ । यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गरिनेछ ।<br>(ख) वाणिज्य बैंकका हकमा खण्ड (क) बमोजिम हर्जाना रकम गणना गर्दा देहायबमोजिम गरिनेछ :<br>१) माथि उल्लेख भएबमोजिम कृषि क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने । | रकममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सो गणना अवधिमा **उक्त संस्थाले यस बैंकमा पेश गरेबमोजिमको पछिल्लो प्रकाशित ब्याज दर अनुसार** कर्जामा लिने अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइनेछ। यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गरिनेछ ।<br>(ख) वाणिज्य बैंकका हकमा खण्ड (क) बमोजिम हर्जाना रकम गणना गर्दा देहायबमोजिम गरिनेछ :<br>१) माथि उल्लेख भएबमोजिम कृषि क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।<br>**२) माथि उल्लेख भएबमोजिम उपबुँदा १ को खण्ड (ख) मा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।**<br>(ग) “ख” र “ग” वर्गका वित्तीय संस्थाको हकमा खण्ड (क) बमोजिम हर्जाना रकम गणना गर्दा तोकिएको क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।<br>(घ) तोकिएका क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा ६ महिना अघिको जम्मा बक्यौता कर्जा तथा सापटको आधारमा **२०८३ पुस मसान्तदेखि** गणना शुरु गरी त्यसपछिको प्रत्येक त्रयमासमा गणना गर्ने ।<br>*प्रष्टीकरण :*<br>१) ‘कृषि क्षेत्र’ भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ४ का उल्लेखित उद्योगका अतिरिक्त मल, कृषि सामाग्री, सिंचाईसँग सम्बन्धित उद्योग समेत हुनेछ ।<br>२) *उर्जा क्षेत्र’ भन्नाले जलविद्युत, नवीकरणीय उर्जा सम्बन्धी (यस बैंकबाट जारी* |

| | | | |
|---|---|---|---|
| | | २) माथि उल्लेख भएबमोजिम उर्जा क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।<br>३) माथि उल्लेख भएबमोजिम लघु, साना एवम् मझौला उद्यमका क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।<br>(ग) “ख” र “ग” वर्गका वित्तीय संस्थाको हकमा खण्ड (क) बमोजिम हर्जाना रकम गणना गर्दा तोकिएको क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।<br>(घ) तोकिएका क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा ६ महिना अघिको जम्मा बक्यौता कर्जा तथा सापटको आधारमा २०८१ पुस मसान्तदेखि गणना शुरु गरी त्यसपछिको प्रत्येक त्रयमासमा गणना गर्ने ।<br>***प्रष्टीकरण :***<br>१) ‘कृषि क्षेत्र’ भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ४ का उल्लेखित उद्योगका अतिरिक्त मल, कृषि सामाग्री, सिंचाईसँग सम्बन्धित उद्योग समेत हुनेछ ।<br>२) *उर्जा क्षेत्र’ भन्नाले जलविद्युत, नवीकरणीय उर्जा सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको) क्षेत्र तथा नवीकरणीय उर्जाबाट चल्ने सार्वजनिक सवारी साधन एवम् चार्जिङ्ग स्टेशनलाई समेत जनाउने छ।*<br>३) *‘पर्यटन क्षेत्र’ भन्नाले देहायबमोजिमको क्षेत्रलाई जनाउने छ :* | *ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको) क्षेत्र तथा नवीकरणीय उर्जाबाट चल्ने सार्वजनिक सवारी साधन एवम् चार्जिङ्ग स्टेशनलाई समेत जनाउने छ।*<br>३) *‘पर्यटन क्षेत्र’ भन्नाले देहायबमोजिमको क्षेत्रलाई जनाउने छ :*<br>*(क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, ऱ्याफ्टिङ्ग, क्याम्पिङ्ग, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा आदि,*<br>*(ख) होटल, पर्यटक आवास, मोटेल, ग्रामीण पर्यटन, होम स्टे, रिजोर्ट तथा रेष्टुराँ, पर्यावरणीय पर्यटन, वन्यजन्तु आरक्ष,*<br>*(ग) मनोरंजन, मनोरञ्जन पार्क, रिक्रिएसन, चलचित्र आदि,*<br>*(घ) साहसिक पर्यटन : स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टिङ्ग, हट एयर ब्यालुनिङ्ग, क्यानोइङ, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, हिमाल आरोहरण र अवलोकन लगायत,*<br>*(ङ) गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा, माउन्टेन फ्लाइट सञ्चालन, केवलकार,*<br>*(च) साँस्कृतिक, धार्मिक तथा खेलकुद पर्यटन र*<br>*(छ) काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा सार्वजनिक सहरी यातायात सेवा सञ्चालन गर्ने संगठित संस्थालाई प्रवाहित कर्जा ।*<br>४) *लघु उद्यम, साना उद्योग, मझौला उद्योग तथा घरेलु उद्योग भन्नाले औद्योगिक व्यवसाय ऐन २०७६ ले परिभाषित  लघु उद्यम, साना उद्योग, मझौला उद्योग तथा घरेलु उद्योग सम्झनु पर्दछ ।*<br>***५) उत्पादनमूलक उद्योग भन्नाले उद्योग भन्नाले औद्योगिक व्यवसाय ऐन २०७६ को दफा १७ ले परिभाषित गरेबमोजिम कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने*** |

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।

| | | | |
|---|---|---|---|
| | | *(क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, ऱ्याफ्टिङ्ग, क्याम्पिङ्ग, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा आदि,*<br>*(ख) होटल, पर्यटक आवास, मोटेल, ग्रामीण पर्यटन, होम स्टे, रिजोर्ट तथा रेष्टुराँ, पर्यावरणीय पर्यटन, वन्यजन्तु आरक्ष,*<br>*(ग) मनोरंजन, मनोरञ्जन पार्क, रिक्रिएसन, चलचित्र आदि,*<br>*(घ) साहसिक पर्यटन : स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टिङ्ग, हट एयर ब्यालुनिङ्ग, क्यानोइङ, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, हिमाल आरोहरण र अवलोकन लगायत,*<br>*(ङ) गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा, माउन्टेन फ्लाइट सञ्चालन, केवलकार,*<br>*(च) साँस्कृतिक, धार्मिक तथा खेलकुद पर्यटन र*<br>*(छ) काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा सार्वजनिक सहरी यातायात सेवा सञ्चालन गर्ने संगठित संस्थालाई प्रवाहित कर्जा ।*<br>*४) लघु उद्यम, साना उद्योग, मझौला उद्योग तथा घरेलु उद्योग भन्नाले औद्योगिक व्यवसाय ऐन २०७६ ले परिभाषित लघु उद्यम, साना उद्योग, मझौला उद्योग तथा घरेलु उद्योग सम्झनु पर्दछ ।* | ***उद्योगहरु भन्ने बुझ्नुपर्छ ।***<br>***६) सूचना प्रविधि तथा सञ्चार प्रविधिमा आधारित उद्योग अन्तर्गत औद्योगिक व्यवसाय ऐन २०७६ को अनुसूची ७ ले परिभाषित गरेबमोजिमका सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, डिजिटल म्यापिङ्ग, बिजिनेस प्रोसेस आउटसोर्सिङ्ग ( बी.पी.ओ), नलेज प्रोसेस आउटसोर्सिङ्ग (के.पी.ओ.), डाटा सेण्टर, डाटा माइनिङ्ग, क्लाउड कम्प्यूटिङ्ग र इण्टरनेट सर्भिस प्रोभाइडर (आई.एस.पी) पर्नेछन् ।***<br>***७) स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात उद्योग भन्नाले आफ्नो उत्पादनको कम्तीमा ४० प्रतिशतभन्दा बढी निर्यात गर्ने स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग सम्झनु पर्दछ ।*** |
| २. | इ.प्रा. निर्देशन नं. १७/०८१ सँग सम्बन्धित अनुसूचीको ने.रा. बैंक | ने.रा. बैंक निर्देशन फा.नं. १७.१<br>.................................... लिमिटेड<br>**‘कृषि, जलविद्युत/उर्जा, पर्यटन क्षेत्र र साना तथा मझौला उद्योगमा भएको कर्जा लगानीको मासिक विवरण’** | ने.रा. बैंक निर्देशन फा.नं. १७.१<br>.................................... लिमिटेड<br>**‘तोकिएको क्षेत्रमा भएको कर्जा लगानीको मासिक विवरण’** |

# यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।

निर्देशन फा.नं. १७.१

| क्र. सं. | विवरण | स्वीकृत कर्जा सीमा रु. | कर्जा बक्यौता रकम रु. | कुल कर्जामा स्वीकृत कर्जा सीमाको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | **कृषि** | | | | |
| १.१ | फलफूल खेती वा फलफूल प्रशोधन, | | | | |
| १.२ | खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण, | | | | |
| १.३ | पशुपालन, पक्षीपालन (अष्ट्रिचसमेत), पशुपक्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन, | | | | |
| १.४ | दूध उत्पादन तथा दूग्ध पदार्थ प्रशोधन उद्योग (दूधजन्य परिकार उत्पादनसमेत), | | | | |
| १.५ | मत्स्यापालन, माछाभूरा उत्पादन तथा प्रशोधन | | | | |
| १.६ | कृषि उपज प्रमुख कच्चापदार्थ हुने पशुपंछीको दाना, | | | | |

| क्र. सं. | विवरण | स्वीकृत कर्जा सीमा रु. | कर्जा बक्यौता रकम रु. | **Reporting Right खरिद/ (बिक्री)** | **समायोजित कर्जा बक्यौता रकम रु.** | कुल कर्जामा स्वीकृत कर्जा सीमाको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **कृषि** | | | | | | |
| १.१ | फलफूल खेती वा फलफूल प्रशोधन, | | | | | | |
| १.२ | खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण, | | | | | | |
| १.३ | पशुपालन, पक्षीपालन (अष्ट्रिचसमेत), पशुपक्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन, | | | | | | |

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।

| | | | | |
|---|---|---|---|---|
| १.७ | रेशम खेती तथा रेशम प्रशोधन, | | | |
| १.८ | चिया बगान, चिया प्रशोधन, | | | |
| १.९ | कफी खेती, कफी प्रशोधन, | | | |
| १.१० | जडिबुटी खेती, जडिबुटी प्रशोधन, | | | |
| १.११ | तरकारी बीउ बिजन उत्पादन, | | | |
| १.१२ | तरकारी खेती तरकारी प्रशोधन, | | | |
| १.१३ | हरित गृह (ग्रीन हाउस) स्थापना र सञ्चालन, | | | |
| १.१४ | मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन), | | | |
| १.१५ | पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने ,सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादनसमेत), | | | |
| १.१६ | नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.४ | दूध उत्पादन तथा दूग्ध पदार्थ प्रशोधन उद्योग ( दूधजन्य परिकार उत्पादनसमेत), | | | | | | |
| १.५ | मत्स्यापालन, माछाभूरा उत्पादन तथा प्रशोधन | | | | | | |
| १.६ | कृषि उपज प्रमुख कच्चापदार्थ हुने पशुपंछीको दाना, | | | | | | |
| १.७ | रेशम खेती तथा रेशम प्रशोधन, | | | | | | |
| १.८ | चिया बगान, चिया प्रशोधन, | | | | | | |
| १.९ | कफी खेती, कफी प्रशोधन, | | | | | | |
| १.१० | जडिबुटी खेती, जडिबुटी प्रशोधन, | | | | | | |
| १.११ | तरकारी बीउ बिजन उत्पादन, | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चरसमेत), | | | | | |
| | | १.१७ | रबर खेती, रबरको प्रारम्भिक प्रशोधन , | | | | | |
| | | १.१८ | शीत भण्डार, कृषि बजार सञ्चालन तथा व्यवस्थापन, | | | | | |
| | | १.१९ | सामूदायिक, कबुलियति, साझेदारी, निजी वन तथा कृषि वनको स्थापना र व्यवस्थापन, अन्य गैर काष्ठजन्य वन पैदावार | | | | | |
| | | १.२० | नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (ऊखु, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया, रेवौडिएन, सुर्ति, जुट, अलैंची, अदुवा, केशर,तेलहन, मसला बाली, दलहन आदि तथा तिनको बिउ उत्पादन ) | | | | | |
| | | १.२१ | बेत, बाँस, खेती, बेत बाँस तथा अन्य | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१२ | तरकारी खेती तरकारी प्रशोधन, | | | | | | |
| १.१३ | हरित गृह (ग्रीन हाउस) स्थापना र सञ्चालन, | | | | | | |
| १.१४ | मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन), | | | | | | |
| १.१५ | पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने ,सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादनसमेत), | | | | | | |
| १.१६ | नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चरसमेत), | | | | | | |
| १.१७ | रबर खेती, रबरको | | | | | | |

## यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।

| | | | | | |
|---|---|---|---|---|---|
| | प्राकृतिक रेशाजन्य उत्पादनहरु | | | | |
| १.२२ | बीउ बिजन प्रशोधन | | | | |
| १.२३ | स:मिल, फर्निचर लगायतका काष्ट काष्ठजन्य उद्योग | | | | |
| १.२४ | पार्केटिङ्ग, सिजनिङ्ग, ट्रिटमेण्ट प्लाण्ट, प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठजन्य उद्योग | | | | |
| १.२५ | कागज, रेजिन लगायत अन्य काष्ठजन्य वन पैदावारमा आधारित उद्योग | | | | |
| १.२६ | च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), एग्रोफरेस्ट | | | | |
| १.२७ | कपास खेती, कपास र कपासको बीउ उत्पादन तथा प्रशोधन | | | | |
| १.२८ | कृषि उपकरण | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक प्रशोधन , | | | | | | |
| १.१८ | शीत भण्डार, कृषि बजार सञ्चालन तथा व्यवस्थापन, | | | | | | |
| १.१९ | सामूदायिक, कबुलियति, साझेदारी, निजी वन तथा कृषि वनको स्थापना र व्यवस्थापन, अन्य गैर काष्ठजन्य वन पैदावार | | | | | | |
| १.२० | नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (ऊखु, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया, रेवौडिएन, सुर्ति, जुट, अलैंची, अदुवा, केशर,तेलहन, मसला बाली, दलहन आदि | | | | | | |

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।**

| | | | | | |
|---|---|---|---|---|---|
| १.२९ | मलखाद तथा किटनाशक (कृषि सँग सम्बन्धित) | | | | |
| १.३० | कृषि ऋणपत्रमा गरेको लगानी | | | | |
| २ | **जलविद्युत/उर्जा** | | | | |
| २.१ | जलविद्युत | | | | |
| २.२ | नवीकरणीय उर्जा | | | | |
| २.३ | उर्जा ऋणपत्रमा गरेको लगानी | | | | |
| ३ | **पर्यटन क्षेत्र** | | | | |
| ३.१ | ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, राफ्टिङ्ग, क्याम्पिङ्ग आदि | | | | |
| ३.२ | होटल (अन्य सेवासमेत) | | | | |
| ३.३ | मनोरंजन, रिक्रिएसन, चलचित्र | | | | |
| ३.४ | सार्वजनिक शहरी यातायात सेवा | | | | |
| ४. | **लघु, घरेलु, साना तथा मझौला उद्योग तर्फ** | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा तिनको बिउ उत्पादन ) | | | | | | |
| १.२१ | बेत, बाँस, खेती, बेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादनहरु | | | | | | |
| १.२२ | बीउ बिजन प्रशोधन | | | | | | |
| १.२३ | स:मिल, फर्निचर लगायतका काष्ट काष्ठजन्य उद्योग | | | | | | |
| १.२४ | पार्केटिङ्ग, सिजनिङ्ग, ट्रिटमेण्ट प्लाण्ट, प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठजन्य उद्योग | | | | | | |
| १.२५ | कागज, रेजिन लगायत अन्य काष्ठजन्य वन पैदावारमा आधारित उद्योग | | | | | | |
| १.२६ | च्याउ, नयाँ प्रविधिद्वारा | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.१ | **लघु उद्यम** | | | | |
| ४.२ | **घरेलु उद्योग** | | | | |
| ४.३ | **साना  उद्योग** | | | | |
| ४.४ | **मझौला उद्योग** | | | | |
| ४.५ | **विपन्न वर्ग कर्जा (तोकिएको क्षेत्र)** | | | | |
| | कृषि, जलविद्युत/उर्जा तथा पर्यटन क्षेत्रको कुल (१+२+३) | | | | |
| | **संस्थाको कुल कर्जा लगानी** | | | | |
| | **६ महिना अघिको संस्थाको कुल कर्जा लगानी** | | | | |
| | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बिरुवा उत्पादन गर्ने उद्योग ( टिस्युकल्चर), एग्रोफरेस्ट | | | | | | |
| १.२७ | कपास खेती, कपास र कपासको बीउ उत्पादन तथा प्रशोधन | | | | | | |
| १.२८ | कृषि उपकरण | | | | | | |
| १.२९ | मलखाद तथा किटनाशक (कृषि सँग सम्बन्धित) | | | | | | |
| १.३० | कृषि ऋणपत्रमा गरेको लगानी | | | | | | |
| २ | **जलविद्युत/उर्जा** | | | | | | |
| २.१ | जलविद्युत | | | | | | |
| २.२ | नवीकरणीय उर्जा | | | | | | |
| २.३ | उर्जा ऋणपत्रमा गरेको लगानी | | | | | | |
| ३ | **पर्यटन क्षेत्र** | | | | | | |
| ३.१ | ट्रेकिङ्ग, ट्राभल एजेन्सी, | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पर्वतारोहण, रिसोर्ट, राफ्टिङ्ग, क्याम्पिङ्ग आदि | | | | | | |
| ३.२ | होटल (अन्य सेवासमेत) | | | | | | |
| ३.३ | मनोरंजन, रिक्रिएसन, चलचित्र | | | | | | |
| ३.४ | सार्वजनिक शहरी यातायात सेवा | | | | | | |
| **४.** | **लघु, घरेलु, साना तथा मझौला उद्योग तर्फ** | | | | | | |
| ४.१ | लघु उद्यम | | | | | | |
| ४.२ | घरेलु उद्योग | | | | | | |
| ४.३ | साना उद्योग | | | | | | |
| ४.४ | मझौला उद्योग | | | | | | |
| **५.** | **सूचना प्रविधि तथा सञ्चार प्रविधिमा आधारित उद्योग** | | | | | | |

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात उद्योग | | | | | | |
| | संस्थाको प्राथमिकता प्राप्त क्षेत्रको कुल कर्जा लगानी (१+२+३+४+५+६) | | | | | | |
| | ६ महिना अघिको संस्थाको कुल कर्जा लगानी | | | | | | |
| | | | | | | | |

३. इ.प्रा. निर्देशन नं. १७/०८१ सँग सम्बन्धित अनुसूचीको ने.रा.बैंक निर्देशन फा.नं. १७.२

ने.रा.बैंक निर्देशन फा.नं. १७.२

............................................ लिमिटेड

प्राथमिकताप्राप्त (कृषि, उजा जलविद्युत/उर्जा, पर्यटन र साना तथा मझौला उद्योगतर्फ) क्षेत्र कर्जा लगानी

मिति ........ मा समाप्त त्रयमासको विवरण

| क्र. सं. | विवरण | यस त्रयमास | | गत त्रयमास | |
|---|---|---|---|---|---|
| | | रकम (रु.) | प्रतिशत | रकम (रु.) | प्रतिशत |

ने.रा.बैंक निर्देशन फा.नं. १७.२

............................................ लिमिटेड

**तोकिएको क्षेत्र** कर्जा लगानी

मिति ........ मा समाप्त त्रयमासको विवरण

| क्र. सं. | विवरण | यस त्रयमास | | गत त्रयमास | |
|---|---|---|---|---|---|
| | | रकम (रु.) | प्रतिशत | रकम (रु.) | प्रतिशत |

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।

| | | कर्जा सीमा | कर्जा प्रवाह | कर्जा सीमामा | कर्जा प्रवाहमा | कर्जा सीमा | कर्जा प्रवाह | कर्जा सीमामा | कर्जा प्रवाहमा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि | | | | | | | | |
| २ | जलविद्युत/उर्जा | | | | | | | | |
| ३ | पर्यटन | | | | | | | | |
| ४ | साना तथा मझौला उद्योग | | | | | | | | |
| | **जम्मा (१+२+३+४)** | | | | | | | | |
| | संस्थाको कुल कर्जा लगानी रकम | | | | | | | | |

| | | कर्जा सीमा | कर्जा प्रवाह | कर्जा सीमामा | कर्जा प्रवाहमा | कर्जा सीमा | कर्जा प्रवाह | कर्जा सीमामा | कर्जा प्रवाहमा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि | | | | | | | | |
| २ | जलविद्युत/उर्जा | | | | | | | | |
| ३ | पर्यटन | | | | | | | | |
| ४ | **लघु, घरेलु,** साना तथा मझौला उद्योग | | | | | | | | |
| ५ | **सूचना प्रविधि तथा सञ्चार प्रविधिमा आधारित उद्योग** | | | | | | | | |
| ६ | **स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात उद्योग** | | | | | | | | |
| | **जम्मा १+२+३+४ +५+६)** | | | | | | | | |

**यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप ।**

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संस्थाको कुल कर्जा लगानी रकम | | | | | | | | | |